आज मिति २०८२ साल असार ५ गते बिहिबार यस कटारी नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री राजेश चन्द्र श्रेष्ठज्यूको अध्यक्षतामा बसी देहायका निर्णयहरू गरियो।

<u>उपस्थितिः</u>

| क्र.सं. | पदाधिकारीको नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | राजेश चन्द्र श्रेष्ठ | नगर प्रमुख | |
| २. | गिता खड्का | नगर उपप्रमुख | |
| ३. | पदम लाल मगर | वडाध्यक्ष, वडा नं. १ | |
| ४. | प्रेम बहादुर क्षेत्री | वडाध्यक्ष, वडा नं. २ | |
| ५. | पुष्कर खड्का | वडाध्यक्ष, वडा नं. ३ | |
| ६. | भुपेन्द्र सिंह तामाङ्ग | वडाध्यक्ष, वडा नं. ४ | |
| ७. | मोहन बहादुर तामाङ्ग | वडाध्यक्ष, वडा नं. ५ | |
| ८. | प्रेम बहादुर मगर | वडाध्यक्ष, वडा नं. ६ | |
| ९. | सुविन ढुङ्गाना | वडाध्यक्ष, वडा नं. ७ | |
| १०. | नविन्द्र कुमार तामाङ्ग | वडाध्यक्ष, वडा नं. ८ | |
| ११. | बेग बहादुर आले मगर | वडाध्यक्ष, वडा नं. ९ | |
| १२. | क्षेत्र बहादुर खड्का | वडाध्यक्ष, वडा नं. १० | |
| १३ | अनन्त हायु | वडाध्यक्ष, वडा नं. ११ | |
| १४. | यम्बर बहादुर कटुवाल | वडाध्यक्ष, वडा नं. १२ | |
| १५. | शम्भु श्रेष्ठ | वडाध्यक्ष, वडा नं. १३ | |
| १६. | अम्बर बहादुर मगर | वडाध्यक्ष, वडा नं. १४ | |
| १७. | देवी कुमारी घिमिरे | कार्यपालिका सदस्य | |
| १८. | भगवती अधिकारी | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १९. | मेलिना श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २०. | गिता कुमारी गिरी | कार्यपालिका सदस्य | |
| २१. | सम्झना मुरी मगर | कार्यपालिका सदस्य | |
| २२. | हेम कुमारी बि.क. | कार्यपालिका सदस्य | |
| २३. | मञ्जु कुमारी राई दनुवार | कार्यपालिका सदस्य | |
| २४. | जितेन्द्र बराईली | कार्यपालिका सदस्य | |
| २५. | राजन थापा | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| बैठक सञ्चालन सहयोगी कर्मचारी | | | |
| १ | परेक ब. बुढा | लेखा अधिकृत | |
| २, | गोविन्द खड्का | अधिकृत छैटौं | |
| ३, | रोशन कार्की | सूचना प्रविधि अधिकृत | |
| | | | |
| | | | |

राजेश चन्द्र श्रेष्ठ
नगर प्रमुख

मिति २०८२ असार ५ गते बिहिबार बसेको कटारी नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव र निर्णयहरू

<u>प्रस्तावहरू:</u>

१. स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको निर्णय कार्यान्वयन सम्बन्धमा।

२. विविध।

<u>निर्णयहरु:</u>

१. स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको निर्णय कार्यान्वयन सम्बन्धमा यस नगरपालिकाको स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको मिति २०८२।०३।०२ गते बसेको बैठकले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि रू ४१,६३,३७,४३९/- को स्रोत अनुमान गरेको निर्णय प्राप्त हुन आएको छ । उक्त अनुमानित स्रोतबाट नगरपालिका तर्फ चालु तथा पुँजीगत तर्फ रू. १८,०१,५०,०००/-, विषयगत शाखा, गैरसरकारी संघ संस्थासँग साझेदारी तर्फ रू. ११,२२,००,०००/- र वडास्तरीय चालु/पुँजीगत तथा वार्षिक विकास कार्यक्रम तर्फ रू. ११,०७,००,०००/- सीमा निर्धारण भएको देखिन्छ ।

अतः उल्लिखित बजेट सीमाको अधिनमा रही सबै विषयगत शाखाहरू, वडा कार्यालयहरू र नगर कार्यपालिकाको कार्यालयलाई मिति २०८२/०३/०८ गतेभित्र अनिवार्य रूपमा वार्षिक विकास कार्यक्रम तथा आयोजना तयार पारी पेश गर्न लगाउने सर्वसम्मत निर्णय गरियो ।

२.विविध तर्फ यस प्रकार निर्णय गरियोः

2.1 यस कटारी नगरपालिकाको आ.व. २०८१।८२ को लागि स्वीकृत वडा नं. २ को कृषि कार्यक्रम अन्तर्गत बेसारको बिउ वितरण कार्यक्रम ७५% अनुदानमा सञ्चालन गर्नका लागि २७०० के.जी. बिउ खरिद भई वितरण गर्ने क्रममा ६८० के.जी. वितरण भएको र बाँकी कृषकहरुले नलगेको कारण वितरण हुन नसकेको हुँदा २०२० के.जी. बेसारको बिउ मौज्दात रहेकोले सो मौज्दात बिउ श्री मा. बि. कल्याणपुरले माग गरेको देखिएकोले उक्त विद्यालयलाई दिने सर्वसम्मत निर्णय गरियो।

2.2 तपशिल बमोजिमका व्यक्ति/संस्थालाई देहाय अनुरुप आर्थिक सहायता स्रोत सुनिश्चित भएपछि भुक्तानी दिने निर्णय गरियोः

| क्र.सं. | व्यक्ति/संस्थाको नाम | वडा | कारण | सहायता रकम |
|---|---|---|---|---|
| १. | मोहन बहादुर सापकोटा | क.न.पा.१ | भालुको आक्रमणबाट सख्त घाईते | रू.१५,०००/- |
| २. | कटारी टाईगर फुटबल क्लव | क.न.पा.४ | फुटबल प्रतियोगितामा सहभागिता | रू. २५,०००/- |
| ३. | ईश्वर कुमार सुनुवार | क.न.पा.१ | ट्रिपर दुर्घटनामा परी गम्भिर घाईते | रू. २५,०००/- |

| | | | | |
|---|---|---|---|---|
| ४. | कमक्षा देवी थापा | क.न.पा.२ | बाढी पिडित | रू. १५,०००/- |
| ५ | माया देवी श्रेष्ठ | क.न.पा.-१३ | लडेर हात भाँचिएको | रू. २०,०००/- |
| ६ | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सहभागिता | प्रदेशस्तरीय | यातायात खर्च | रू. १५,५००/- |
| ७ | पदम कुमारी सुनुवार | क.न.पा.-४ | दुर्घटनामा परी सख्त घाइते | रू. २०,०००/- |
| ८ | किराँत राई यायोक्ख्या नगर समिति कटारी | क.न.पा.-४ | साँस्कृतिक प्रतियोगिता | रू. २५,०००/- |

२.३ कटारी नगरपालिकाको वडा नं. १ बेलसोतमा बसोबास गरिरहेका भूमिहीन दलित ४ (चार) जना, भूमिहीन सुकुम्बासी ८ (आठ) जना गरी जम्मा १२ (बाह्र) घर परिवारको लगत संकलन गरी जग्गा नापजाँचको सम्पूर्ण प्रकृया पुरा भएका वडा नं. १ को वडास्तरीय भूमिहीन र अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समितिले निर्णय गरी पेश हुन आएका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची १ मा उल्लेखित विवरण अनुसारको व्यक्तिहरुलाई सोही विवरणमा उल्लेख भएको क्षेत्रफल अनुसारको जग्गा उपलब्ध गराउन अनुसूची १ मा प्रस्तावित विवरण प्रमाणिकरण गरी जग्गाधनी दर्ता प्रमाणपूर्जा प्रासीको लागि भूमि समस्या समाधान आयोग जिल्ला समिति, उदयपुरलाई सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिलः-

| सि. नं. | परिवारमूलीको नाम | निवेदन फाराम नं. | स्थानीय तहको क्षेत्र | कित्ता कोड | बिरह/हाल को प्रयोजन | वडा नं. | क्षेत्रफल (व.मि) | जग्गा रहेको स्थान |
|---|---|---|---|---|---|---|---|---|
| १ | पदम बहादुर कामी / बचु कामी | BD०३४४४६ | नगरपालिकाको शहरी क्षेत्र बाहेकका क्षेत्र | १-BD०००१ | बसोबास | १ | ९८.९८२४ | बेलसोत |
| २ | अरूण मलिक | BD२०४१५७२ | नगरपालिकाको शहरी क्षेत्र बाहेकका क्षेत्र | १-BD०००४ | बसोबास | १ | १५९.०६५४ | बेलसोत |
| ३ | पृथ्वी बहादुर दमाई/धन माया परियार | BD२०४२७६१ | नगरपालिकाको शहरी क्षेत्र बाहेकका क्षेत्र | १-BD०००५ | बसोबास | १ | ८१.६४६५ | बेलसोत |
| ४ | दिपक मुसहर | BD२०४२६६९ | नगरपालिकाको शहरी क्षेत्र बाहेकका क्षेत्र | १-BD०००६ | बसोबास | १ | ३१५.४८५४ | बेलसोत |
| ५ | श्याम बहादुर राई | BS२०४२७६५ | नगरपालिकाको शहरी क्षेत्र बाहेकका क्षेत्र | १-BS०००८ | बसोबास | १ | १९१.५०२४ | बेलसोत |
| ६ | लहरवती माझी | BS२०४१३४० | नगरपालिकाको शहरी क्षेत्र बाहेकका क्षेत्र | १-BS००२० | बसोबास | १ | २११.६३०१ | बेलसोत |
| ७ | पृथ बहादुर पुलामी मगर/ पवित्रा पुलामी मगर | BS२०४२७६५ | नगरपालिकाको शहरी क्षेत्र बाहेकका क्षेत्र | १-BS००२१ | बसोबास | १ | २०१.८६८८ | बेलसोत |

राजेश चन्द्र श्रेष्ठ
नगर प्रमुख

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | सविता कुमारी बलम्पाकी/ ओम बहादुर पुलामी | BS२०४२५९४ | नगरपालिकाको शहरी क्षेत्र बाहेकका क्षेत्र | १- BS००२२ | बसोबास | १ | ३२०.६१८ | बेलसोत |
| ९ | विष्णु बहादुर मगर / तिल माया मगर | BS२०४२५९९ | नगरपालिकाको शहरी क्षेत्र बाहेकका क्षेत्र | १- BS००२३ | बसोबास | १ | ६७६.८ | बेलसोत |
| १० | दिल बहादुर पुलामि/ कुशुम सुनुवार | BS२०४२७३० | नगरपालिकाको शहरी क्षेत्र बाहेकका क्षेत्र | १- BS००२४ | बसोबास | १ | ३४१.५९ | बेलसोत |
| ११ | सुनिता कार्की खड्का | BS२०४२६५४ | नगरपालिकाको शहरी क्षेत्र बाहेकका क्षेत्र | १- BS००२५ | बसोबास | १ | १६२.६७४७ | बेलसोत |
| १२ | कृष्ण बहादुर कार्की / गिता आले कार्की | BS२०४२७५२ | नगरपालिकाको शहरी क्षेत्र बाहेकका क्षेत्र | १- BS००२६ | बसोबास र कृषि | १ | ९०३.६०५४ | बेलसोत |

साथै, भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धि कार्यविधि, २०८१ को अनुसूची १(ख) बमोजिम फिल्डमा जग्गा नाप जाँच भएका कार्यलाई कम्प्युटरमा प्रविष्टि गर्न कम्प्युटर अपरेटर जनशक्ति १ आवश्यक भएकोले सोको व्यवस्थापन गर्न सर्वसम्मत निर्णय गरियो ।

२.४ कटारी नगरपालिका, नगर कार्यपालिकाको मिति २०८२/०१/१६ को निर्णयबाट यसै नगरपालिकाको नाममा दर्ता स्रेस्ता कायम रहेको जिल्ला उदयपुर साविक कटारी गा.वि.स. नक्सा नं. ८ कित्ता नं. २५१० ज.वि. ०-६-० जग्गा कटारी बजार स्थित रहेको नापी कार्यालय र मालपोत कार्यालयलाई उपलब्ध गराउने निर्णय भएकोमा मालपोत कार्यालय कटारी उदयपुरको प.सं. ०८१/८२, च.नं. १०५० तथा मिति २०८१/०२/२६ को पत्रको अनुरोध बमोजिम मालपोत कार्यालय कटारीलाई दक्षिण तर्फबाट ज.वि. ०-३-० र नापी कार्यालय कटारीलाई उत्तर तर्फबाट ज.वि. ०-३-० हुने गरी तर्फ र क्षेत्रफल खुलाउने सर्वसम्मत निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

राजेश चन्द्र श्रेष्ठ
नगर प्रमुख